सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री कुमार रेग्मी

**आदेश**

०७८-WO-०११८

मुद्दाः उत्प्रेषणयुक्त परमादेशसमेत।

वनबिर तमाङको नाति विर बहादुर तमाङको छोरा दोलखा जिल्ला, साविक भुषाफेद गाउँ विकास समिति वडा नं. ५ परिवर्तित ऐ. सेलुङ्ग गाउँपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. १ मोहन पोखरी बस्ने सिंह बहादुर तमाङ..........................................................१ — निवेदक

**विरुद्ध**

महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौं..................................१
सिभिल बैंक लि. ट्रेड सेन्टर सुन्धारा वडा नं. ११, काठमाडौं.........................१ — विपक्षी

नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम यसै अदालतको असाधारण अधिकारक्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

**संक्षिप्त तथ्य**

१. म निवेदकलाई प्रतिवादी बनाई सिभिल बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त बोधराज सेढाईको जाहेरीले वादी नेपाल सरकार भै उच्च अदालत, पाटनमा बैंकिङ्ग कसूर मुद्दामा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूरमा दफा १५(१) बमोजिमको सजाय तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(२) र (३) बमोजिमको माग दावी लिई अभियोगपत्र दायर भएकोमा अभियोग दावीबमोजिम रु.१३,५०,०००।- बिगो सोहीबमोजिम जरिवाना र रु.५४,०००।- क्षतिपूर्ति शुल्क बुझाउने गरी फैसला भएकोले सो फैसला उपर मैले यसै अदालतमा पुनरावेदन गरेको छु। जाहेरवालाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) बमोजिम

मिलापत्र गर्न इच्छा जाहेर गरेकाले सो तथ्यमा म निवेदकसमेत सहमत भई मिति २०७८।४।१९ मा जाहेरवालालाई रकम बुझाएको भरपाईसमेत साथै राखी मिलापत्रको संयुक्त निबेदन महान्यायाधिवक्ताको कार्यालयमा दर्ता गरेकोमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।४।३१ मा "बैंक र व्यक्तिको बीचमा भएको कारोबार सर्वसाधारणको हानी नोक्सानीको विषय नभई बैंक-Public company को ह  नोक्सानीको विषय भएकोले मिलापत्र गराउने गरी आदेश दिन नमिल्ने भनी" गरेको निर्णय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा उल्लेख भएको सर्वसाधारणको सम्पत्तिको हानी नोक्सानीमा मिलापत्र गराउन सक्ने आदेश दिन सक्ने कानूनी प्रावधान, महान्यायाधिवक्ताको कार्यालयको मिति २०७८।१।२ को निर्देशनको नं. ५ को साथै संविधानको धारा १८(१) समेतको विपरीत भएको हुँदा यस निवेदनमा अग्राधिकार दिलाई सो मिति २०७८।४।३१ को मिलापत्र नहुने गरी भएको महान्यायाधिवक्ताको कार्यालयको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी मिलापत्र गर्न दिनु भनी विपक्षीहरुका नाउँमा परमादेशसमेत जारी गरी पाँउ भन्ने समेत व्यहोराको **निवेदनपत्र।**

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए म्याद सूचना प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र आफूसँग भएको प्रमाण कागजातहरुसमेत साथै राखी विपक्षी नं.१ को हकमा महान्यायाधिवक्ताको कार्यालय तथा विपक्षी नं.२ का हकमा कानूनबमोजिमको प्रतिनिधिमार्फत् लिखितजवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नुहोला।

साथै प्रस्तुत रिट निवेदनमा सन्निहित विषयवस्तुको प्रकृतिबाट चाँडो किनारा लाग्नुपर्ने प्रकृतिको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम प्रस्तुत मुद्दालाई अग्राधिकार प्रदान गरी दिइएको छ भनी **यस अदालतबाट मिति २०७८।०५।१३ मा भएको आदेश।**

३. यस सिभिल बैंक लिमिटेडका ऋणी सिंह बहादुर तमाङले कर्जा भुक्तानीका लागि मिति २०७५।११।२८ मा सिभिल बैंकको नाममा जारी गर्नुभएको नबिल बैंक लिमिटेडको चेक नं. ००२३४५२३२० को रु.१३,५०,०००।- (अक्षेरुपी तेह्र लाख पचास हजार रुपैयाँ मात्र) चेक पटक पटक भुक्तानीको लागि प्रस्तुत गर्दा भुक्तानी हुन नसकेको कारण बैंकले

निज सिंह बहादुर तमाङ विरुद्ध महानगरीय प्रहरी परिसर टेकुसमक्ष बैङ्किङ्ग कसूरको जाहेरी दरखास्त दिई निज उपर चलेको बैङ्किङ्ग कसूर मुद्दामा उच्च अदालत, पाटनबाट मिति २०७६।९।१४ मा फैसला हुँदा रु.१३,५०,०००।- विगो, सोहीबमोजिम जरिवाना र रु.५४,०००।- क्षतिपूर्ति शुल्क बुझाउने गरी फैसला भएको हुँदा विपक्षीले अदालतको फैसलाद्वारा कायम विगो रु.१३,५८,०००।- बुझाई मुद्दा मिलापत्र गर्न इच्छा जाहेर गरेको र आफ्नो लेना रकम असुल उपर गरी लिनु नै बैंकको मुख्य ध्येय रहेकोले उक्त विगो रकम बैंकसमक्ष दाखिला गर्न लगाई साधिकार निकायबाट प्रचलित कानूनबमोजिम मुद्दा मिलापत्र हुनसक्ने अवस्था विद्यमान रहेमा मिलापत्र गर्न बैंक सहमत भई मिति २०७८।४।१९ मा मिलापत्रको लागि महान्यायाधिवक्ताको कार्यालयमा संयुक्त निवेदन पेश गरिएकोमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।४।३१ मा "बैंक र व्यक्तिको बीचमा भएको कारोवार सर्वसाधारणको हानि नोक्सानीको विषय नभई बैंक (public company) को हानी नोक्सानीको विषय भएकोले मिलापत्र गराउने गरी आदेश दिन नमिल्ने भनी" निर्णय भएको हो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा प्रयुक्त भएको सर्वसाधारणको सम्पत्तिको हानी नोक्सानी भन्ने वाक्यांशले सर्वसाधारण निक्षेपकर्ताको हितको सुरक्षाको विषयलाई समेट्न खोजेको देखिन्छ। बैंकले आफ्नो लेना रकम असुल उपर गरी निक्षेपकर्ताहरुको निक्षेप सुरक्षित भैसकेको हुँदा मुद्दा मिलापत्र गर्न सम्भव भए मिलापत्र गरौं भनी बैंकले सहमति जनाई विपक्षीलाई सहयोग गरेकोमा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा मिलापत्र गराउने गरी आदेश दिन नमिल्ने भनी भएको निर्णयमा यस कार्यालयको कुनै भूमिका नरहेको हुँदा विपक्षी नै नबनाउनु पर्ने बैंकलाई विपक्षी बनाई दर्ता भएको प्रस्तुत रिट निवेदन बैंकको हकमा खारेज गरी पाँउ भन्नेसमेत व्यहोराको **सिभिल बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत सुनिल कुमार पोखरेलले पेश गरेको लिखितजवाफ।**

४. रिट निवेदकले साविक इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स लि. हालको सिभिल बैंक लिमिटेडबाट लिनुभएको अटो कर्जा बापतको बैंकलाई भुक्तानी गर्नुपर्ने रकम रु.१३,५०,०००।- उक्त बैंकलाई भुक्तानी गर्ने प्रयोजनार्थ रिट निवेदक सिंह बहादुर तमाङको आफ्नो नाउँमा सञ्चालनमा रहेको नबिल बैंक लिमिटेडको खाताको चेक काटी दिएकोमा खातामा पर्याप्त रकम नभएको कारण उक्त चेक बाउन्स भएको छ। यो मुद्दा व्यक्ति व्यक्ति बीचको सर्वसाधारणको सम्पत्ति हानी नोक्सानी भएको विषयको मुद्दा होइन, न

त शेयर होल्डरहरुको सिमित दायित्व रहने प्राइभेट लिमिटेड कम्पनीको सम्पत्तिको हानी नोक्सानी सम्बन्धी मुद्दा नै हो। यो त आम व्यक्ति, कम्पनी, सरकारी निकाय जोसुकैले निक्षेप जम्मा गर्नेसमेतका कामसँग सम्बन्धित बैंकलाई तिर्नुपर्ने कर्जा वापतको रकम वापत आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको अवस्थामा बैंकलाई झुक्याउन चेक काटी दिएको चेक अनादर अन्तर्गतको गम्भीर प्रकृतिको कसूर हो। तसर्थ यस्तो कसूरमा मिलापत्र गरिएको खण्डमा कसूरदारलाई यस्तो कसूर पुनः गर्न प्रोत्साहन मिल्ने अवस्था हुन सक्छ। यही पक्षलाई ध्यानमा राखेर नै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) र सरकारी वकील सम्बन्धी नियामवली, २०७७ को नियम ३३ को उपनियम (४) ले महान्यायाधिवक्ता वा निजले अधिकार प्रत्यायोजन गरेका सरकारी वकीललाई मनासिव लागेमा माग मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था गरेको हो। महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिबाट मिति २०७७।१२।२६ मा भएको निर्णयानुसार च.नं. १७६३ मिति २०७८।०१।०२ को पत्रबाट जारी गरिएको निर्देशन नं. ५ बाट पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित सर्वसाधारणको सम्पत्तिको हानी, नोक्सानी सम्बन्धी मुद्दा अन्तर्गत सर्वसाधारणको विगोको चेक अनादर सम्बन्धी बैङ्किङ्ग कसूर मुद्दामा मात्र उक्त दफा अनुसार मिलापत्र गराउन आदेश माग गरी कसूरदार र पीडितको निवेदन परेमा तत् सम्बन्धी प्रक्रिया अगाडि बढाउन निर्देशन जारी भएको हो। रिट निवेदकले उल्लेख गर्नुभएको मुद्दा सर्वसाधारणको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा नभई बैंकको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा भएको हुँदा सोही आधार, कारण खुलाई यस कार्यालयबाट अभियोजनात्मक स्वविवेक (Prosecutorial Discretion) प्रयोग गरी भएको निर्णय उपर रिट जारी हुन नसक्ने हुँदा रिट निवेदन खारेज गरी पाँउ भन्नेसमेत व्यहोराको **महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौंबाट यस अदालतमा पेश भएको लिखितजवाफ।**

**<u>यस अदालतको आदेश</u>**

५. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदन तथा प्रत्यर्थीहरुबाट पेस भएका लिखितजवाफसहित मिसिल संलग्न कागजातहरु अध्ययन गरी निम्नबमोजिमको बहससमेत सुनियो।

६. निवेदकको तर्फबाट विद्वान् अधिवक्ता श्री मनिराम उपाध्यायले मेरो पक्षले फैसला बमोजिमको बिगो रकम जाहेरवालालाई बुझाई सोको भरपाईसमेत साथै राखी मिलापत्रको निमित्त

महान्यायाधिवक्ताको कार्यालयमा संयुक्त निवेदन दर्ता गरेकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा उल्लेख भएको सर्वसाधारणको सम्पत्तिको हानी नोक्सानीमा मिलापत्र गराउन आदेश दिन सक्ने भन्ने कानूनी प्रावधानको विपरीत र यस्तै प्रकृतिका अन्य मुद्दाहरुमा मिलापत्र भैरहेको अवस्थाको प्रतिकूल निवेदन मागबमोजिम मिलापत्र नहुने गरी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।४।३१ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मिलापत्र गर्न दिनु भनी विपक्षीहरुका नाउँमा परमादेशसमेत जारी गरी पाँउ भनी गर्नु भएको बहस सुनियो।

७. विपक्षी सिभिल बैंक लिमिटेडको तर्फबाट विद्वान् अधिवक्ता श्री राधाकृष्ण पन्थले विपक्षी निवेदकले यस बैंकलाई बुझाउनु पर्ने रकम बुझाई सकेको र निज निवेदकले मिलापत्र गर्न इच्छा जाहेर गरेको हुँदा आफ्नो लिनुपर्ने रकम असूल उपर गरी सकेको अवस्थामा साधिकार निकायबाट प्रचलित कानूनबमोजिम मुद्दा मिलापत्र हुनसक्ने अवस्था विद्यमान रहेमा मिलापत्र गर्न बैंक सहमत भई मिलापत्रको लागि महान्यायाधिवक्ताको कार्यालयमा संयुक्त निवेदन पेश गरिएको हो। महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा मिलापत्र गराउने गरी आदेश दिन नमिल्ने भनी भएको निर्णयमा यस बैंकको कुनै भूमिका नरहेको हुँदा बैंकको हकमा रिट निवेदन खारेज गरी पाँउ भनी गर्नु भएको बहस सुनियो।

८. त्यसैगरी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्र कुमार पोखरेलले निवेदकले रिट निवेदनमा उल्लेख गरेको विषय व्यक्ति व्यक्ति बीचको सर्वसाधारणको सम्पत्ति हानी नोक्सानी भएको विषय नभई प्राकृतिक व्यक्ति र कानूनी व्यक्ति बिचको सम्पत्ति हानी नोक्सानी भएको विषय हो। व्यक्ति र बैङ्किङ्ग संस्थाजस्तो कानूनी व्यक्तिको बिचमा समेत मुद्दाको फैसला भई सकेपश्चात् पनि मिलापत्र गर्ने गरेमा त्यसले समाजमा दुरगामी असर निम्त्याउँछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित सर्वसाधारणको सम्पत्तिको हानी, नोक्सानी सम्बन्धी मुद्दा अर्न्तगत सर्वसाधारणको बिगोको चेक अनादर सम्बन्धी बैङ्किङ्ग कसूर मुद्दामा मात्र उक्त दफा अनुसार मिलापत्र गराउन आदेश माग गरी कसूरदार र पीडितको निवेदन परेमा तत् सम्बन्धी प्रक्रिया यस कार्यालयले अगाडि बढाउने हो। रिट निवेदकले उल्लेख गर्नुभएको मुद्दा सर्वसाधारणको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा नभई बैंकको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा भएकोले निवेदन मागबमोजिम मिलापत्र गराउन नमिल्ने भनी निर्णय भएको हुँदा रिट निवेदन खारेज होस् भनी गर्नु भएको बहससमेत सुनियो।

९. उल्लिखित बहस जिकिर सुनी मिसिल संलग्न निवेदन, लिखितजवाफ सहितका प्रमाण कागजातहरुको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

१०. यसमा निवेदन मागबमोजिम मिलापत्र गर्न नसकिने भनी महान्यायाधिवक्ताको कार्यालयबाट भएको आदेश न्यायोचित छ, छैन ? निवेदक र प्रत्यर्थी बैंक बिचमा मिलापत्र गराउन मिल्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णयमा पुग्नुभन्दा पहिले विद्यमान कानूनी व्यवस्था उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। नेपालको संविधानको धारा १८ मा समानताको हक सम्बन्धमा व्यवस्था गर्दै उपधारा (१) मा *"सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन"* भन्ने उल्लेख भएको देखिन्छ। त्यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा *"सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पिडित दुबैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकीलसमक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ"* भन्ने उल्लेख गरेको देखिन्छ। उल्लिखित मुलुकी फौजदारी कार्यविधि संहितामा रहेको कानूनी व्यवस्थाबमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट बैङ्किङ्ग कसूर मुद्दामा प्रतिवादी र पीडित दुबैले मिलापत्र गराई पाऊँ भनी संयुक्त निवेदन दिएको अवस्थामा कानूनी प्रक्रिया पूरा गरी यो भन्दा पहिले पनि बैङ्किङ्ग कसूर मुद्दामा मिलापत्र गराउने गरी आदेश भइरहेकै देखिन्छ।

११. नेपाल पक्ष भई अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुले समेत समानताको अधिकारलाई मानव अधिकारको रुपमा आत्मसात् गरेको पाइन्छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights),१९४८ को धारा ७ ले *"प्रत्येक व्यक्तिहरु कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव बिना कानूनको समान संरक्षणका हकदार छन"* भन्ने व्यवस्था गरेको छ। यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (International Covenant on Civil and Political Rights),१९६६ को धारा १६ले *"प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानूनको अगाडी व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुनेछ" (Everyone shall have the right to recognition everywhere as a person before the law)* भन्ने व्यवस्था गरेको पाइन्छ। यसरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र लगाएतका अन्तर्राष्ट्रिय महासन्धिले समानताको अधिकारलाई सुनिश्चित गरेको देखिन्छ।

१२. व्यक्ति व्यक्ति बिचको वा सर्वसाधारणको सम्पत्तिको हानी, नोक्सानी सम्बन्धी मुद्दा अन्तर्गत सर्वसाधारणको विगोको चेक अनादर सम्बन्धी बैङ्किङ्ग कसूर मुद्दामा मात्र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश माग गरी कसूरदार र पीडितको निवेदन परेमा तत् सम्बन्धी प्रक्रिया अगाडि बढाई मिलापत्रको आदेश दिइने हो तर निवेदकले उल्लेख गर्नुभएको मुद्दा सर्वसाधारणको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा नभई बैंकको सम्पत्ति हानी नोक्सानी सम्बन्धी मुद्दा भएको हुँदा मिलापत्र गराउन नमिल्ने भनी महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्णयको सम्बन्धमा विचार गर्दा, सर्वप्रथम व्यक्ति (Person) को सम्बन्धमा प्रष्ट हुनु पर्ने देखियो। नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० दफा २(ध) मा **"व्यक्ति- यो शब्दले संयुक्त भएको वा नभएको कुनै कम्पनी, संघ वा जनसमूह समेतलाई जनाउँछ"** भन्ने उल्लेख भएको देखिन्छ। सामान्यतयाः कानूनी अर्थात् विधिशास्त्रीय रुपमा व्यक्तिलाई प्राकृतिक व्यक्ति (Natural Person) र कानूनी व्यक्ति (Legal Person) गरी दुई किसिमले विभाजन गरेको पाइन्छ। यसरी हेर्दा प्राकृतिक व्यक्तिको सृजना प्राकृतिक रुपमा नै हुने गर्दछ भने कानूनी व्यक्तिको सृजना प्राकृतिक व्यक्तिले विद्यमान कानूनको अधिनमा रही गरेको देखिन्छ। व्यक्तिले प्राकृतिक व्यक्ति र कानूनी व्यक्ति दुबैलाई समेटेको देखियो। निवेदक सिंह बहादुर तमाङ्गले बैंकबाट ऋण लिंदा प्राकृतिक व्यक्तिको संलग्नता बिना निजले ऋण पाउने सम्भावना रहँदैन। बैंकको संचालक समितिबाट बैंकको संचालन र संरक्षणको जिम्मेवारी पाएको अख्तियार प्राप्त व्यक्तिले निवेदक सिंह बहादुर तमाङ्गले बैंकलाई बुझाउनु पर्ने बिगो बराबरको रकम बुझाई सकेको अवस्थामा निवेदकले मुद्दा मिलापत्र गर्न इच्छा जाहेर गरेको र आफ्नो लेना रकम असुल उपर गरी लिनु नै बैंकको मुख्य ध्येय रहेकोले उक्त बिगो रकम बैंकसमक्ष दाखिला गर्न लगाई साधिकार निकायबाट प्रचलित कानूनबमोजिम मुद्दा मिलापत्र हुनसक्ने अवस्था विद्यमान रहेमा मिलापत्र गर्न बैंक सहमत भई मिलापत्रको लागि महान्यायाधिवक्ताको कार्यालयमा संयुक्त निवेदन पेश गरिएको हो भनी लिखितजवाफ पेश गरेको देखिएबाट ऋण प्रवाह गर्नेले ऋण असूल उपर गर्न र कानूनी व्यक्तिको हित अनुकूल मिलापत्रसमेत गर्न पाउने नै देखियो। ऋण दिने र ऋण लिने दुबैपक्ष मिलापत्र गर्न सहमत रहेको साथै

[redacted]

मिलापत्र गर्दा कसैलाई पनि मर्का नपर्ने अवस्था रहेको सन्दर्भमा मिलापत्र गर्न मिल्दैन भन्नु न्यायोचित देखिएन।

१३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा रहेको "*सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पिडित दुबैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ*" भन्ने व्यवस्थाले महान्यायाधिवक्ताले अभियोजनात्मक स्वविवेक प्रयोग गर्दा स्वेच्छाचारी तवरबाट गर्न पाउने भनी उल्लेख गरेको नभई तथ्य (Fact) र अवस्था (Context) मा आधारित भई मनासिब र विवेकसम्मत् , न्यायसंगत ढङ्गले निर्णयमा पुग्नु पर्दछ। मिलापत्रले पक्षहरुको जिनजित (Win-Win) को अवस्था सिर्जना गर्ने र छिटोछरितो विवाद समाधानको बाटोसमेत हो। मेलमिलापको माध्यमबाट विवाद समाधान गर्नु पक्षहरुको छनौट र न्यायको समान पहुँच तथा समान सरोकारसँग पनि जोडिएको हुन्छ। तसर्थ,महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिबाट भएको निर्णयानुसार जारी गरिएको निर्देशन अनुसार सर्वसाधारणको विगोको चेक अनादर सम्बन्धी बैङ्किङ कसूर मुद्दामा बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा रहेको " आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिने कार्य गर्न हुदैन" भन्ने कानूनी व्यवस्था अन्तर्गत बैङ्किङ्ग कसूर मुद्दामा समेत मिलापत्र गराउन आदेश माग गरी कसूरदार र पीडितको निवेदन परेकोमा वादी प्रतिवादी बीच थुप्रै मिलापत्र भइसकेको सन्दर्भमा बैङ्किङ्ग कसूर मुद्दामा प्रतिवादी रहेका समान अवस्थाको यी रीट निवेदकलाई मात्र संस्थासँग अर्थात कानूनी व्यक्ति (बैक) सँग जोडिएको मुद्दा हो भनी मिलापत्र गर्नबाट बञ्चित गराउँदा न्यायमा असमान पहुँचको अवस्था सिर्जना हुने देखिन्छ। तसर्थ निवेदनमा उल्लिखित बैङ्किङ्ग कसूर मुद्दामा निवेदक र बैंक बिच मिलापत्र गर्न नमिल्ने भनी विपक्षी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।०४।३१ मा भएको निर्णयलाई न्यायोचित मान्न मिलेन। चेक अनादरको विषय हाल बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अन्तर्गतको कसूरको साथै विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. अन्तर्गतसमेत व्यक्तिवादी फौजदारी मुद्दा चल्ने व्यवस्था रहेकोमा चेक अनादर मुद्दामा व्यक्ति व्यक्ति हुँदा मिलापत्र हुन सक्ने तर संस्थाको नामको चेक हुनासाथ संस्था र

व्यक्तिले मिलापत्र गर्न चाहेमा पनि मिलापत्र हुन नसक्ने भन्दा न्यायमा समान स्थितीका व्यक्तिहरु बिच असमान पहुँचको स्थिती आउने देखिन्छ।

१४. अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त तथा विवेचनासमेतको आधारबाट निवेदक र प्रत्यर्थी बैंकको बिचमा मिलापत्र गराउने गरी आदेश दिन नमिल्ने भनी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७८।०४।३१ मा भएको निर्णय न्यायोचित देखिन नआएकोले उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। रिट निवेदक र विपक्षी बैंकले मिलापत्रका लागि रितपूर्वकको संयुक्त निवेदन दिन ल्याए दुबै पक्ष बिच मिलापत्र गर्ने प्रयोजनार्थ पुनः निर्णय गर्नू भनी प्रत्यर्थी महान्यायाधिवक्ताको कार्यालयको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। यो आदेशको प्रतिलिपिसहित आदेशको जानकारी प्रत्यर्थी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

सपना प्रधान मल्ल
न्यायाधीश

उक्त रायमा म सहमत छु।

कुमार रेग्मी
न्यायाधीश

*इजलास अधिकृत (उपसचिव) : दामोदर रेग्मी*
*कम्प्युटर अपरेटरः चन्द्राबती तिमल्सेना*
इति संवत् २०८० साल असार ६ गते रोज ४ शुभम्-----------------------------------।